# सामाजिक असमानता र बदलिँदो जीविकोपार्जन परिवेशमा खाद्यसुरक्षाका सबालहरू

## मुख्य सन्देशहरु

- बजारसँगको बढ्दो अन्तरक्रिया, वैदेशिक रोजगार, कृषिको आधुनिकीकरण र जलवायु परिवर्तन जस्ता बदलिँदा परिवेशले मानिसको जीविकोपार्जन र खाद्यसुरक्षामा नयाँ चुनौती तथा अवसरहरू थपिएका छन् ।
- यी चुनौती तथा अवसरहरूबाट सबै खालका समूहहरू उत्तिकै प्रभावित छैनन् । गरिब, दलित, महिला, भूमिहीन र विप्रेषणमा निर्भर घरधुरीहरू खाद्यसुरक्षाका हिसाबले बढी जोखिममा छन् । झन् कोभिड जस्ता महामारीले उनीहरूलाई बढी असर पार्ने देखिन्छ ।
- खाद्यसुरक्षा सम्बन्धी विकास कार्यक्रमहरू मूलतः जमिनमा आधारित छन् तर यस्ता कार्यक्रमबाट जमिनमा पहुँच नभएका गरिब तथा सीमान्तकृत समूहहरू बहिष्करणमा परेका छन् ।
- परिवर्तित परिवेशमा खाद्य असुरक्षित समूहका अनुभव र सरोकारहरूलाई सम्बोधन गर्न उनीहरूकै अगुवाइ र प्राथमिकतामा आधारित निर्दिष्ट नीति तथा कार्यक्रम ल्याउन जरुरी छ ।

## परिचय

पर्याप्त उर्वर कृषिभूमि, अपार जलस्रोत र वनजङ्गल जस्ता प्राकृतिक स्रोत हुँदाहुँदै पनि कुल ग्राहस्थ उत्पादनको हिसाबले नेपाल विश्वका १८५ देशमध्ये उनान्सयौँ स्थानमा पर्छ । यहाँका करिब १८.७ प्रतिशत मानिसहरू गरिबीको रेखामुनि रहेका छन् । कृषिप्रधान मुलुक नेपालका ६०.४ प्रतिशत जनता खेतीपातीमा संलग्न भए तापनि खाद्यसुरक्षाको अवस्था भने कमजोर रहेको छ । खाद्यसुरक्षाले खाद्यान्नको उपलब्धता, पहुँच, उपभोगको अवस्था र तिनको स्थिरतालाई जनाउँछ । नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ ले करिब ४६ लाख अर्थात् १५ प्रतिशत मानिस खाद्यअसुरक्षामा रहेको देखाएको थियो । ग्लोबल फुड इन्डेक्स सन् २०१९ मा नेपाल विश्वका ११३ देशमध्ये उनान्असीऔँ स्थानमा रहेको छ भने ग्लोबल हङ्गर इन्डेक्समा विश्वका ११७ देशमध्ये त्रिहत्तरौँ स्थानमा रहेको छ । यसबाट पनि नेपालमा खाद्यसुरक्षाको अवस्था धेरै कमजोर रहेको ज्ञात हुन्छ ।

द्रुत गतिमा भइरहेका सामाजिक, आर्थिक र पर्यावरणीय परिवर्तनले निर्वाहमुखी कृषिमा आधारित जीविकोपार्जनमा व्यापक परिवर्तन आइरहेको छ । यसले खाद्यसुरक्षामा नयाँ चुनौतीहरू थपिदिएको छ । समाजमा व्याप्त रहेको भेदभाव र स्रोतमाथिको असमान पहुँचले खाद्यसुरक्षाको सबाललाई झनै जटिल बनाएको छ । प्रायःजसो नीति तथा कार्यक्रमहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राथमिकताबाट प्रभावित हुने गरेको र तिनले खाद्यसुरक्षाका सबालमा बदलिँदो परिवेश, सामाजिक असमानता र स्थानीय सरोकारलाई बेवास्ता गरेकाले तिनको उपादेयता र प्रभावकारिता कमजोर रहेको छ । यस सन्दर्भमा उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि सामाजिक असमानता र बदलिँदो जीविकोपार्जन परिवेशमा स्थानीय खाद्य असुरक्षित समुदायका अनुभव र सरोकारहरूको आँकलन गर्न जरुरी ठानी बेलायतका तीन ओटा विश्वविद्यालय (University of Oxford, London School of Economics, University of East Anglia) का अनुसन्धानकर्ताहरूले नेपालको जुम्ला र स्याङ्जा जिल्लाका १२ ओटा गाउँका २२२ घरधुरीमा सर्वेक्षण, अन्तर्वार्ता र समूह छलफल विधिको प्रयोग गरी एक अध्ययन गरेका थिए । प्रस्तुत नीति बहसपत्रमा उक्त अध्ययनका केही प्रारम्भिक नतिजा र अन्य निष्कर्षलाई समेटेर कोभिड-१९ को प्रसङ्गमा खाद्यसुरक्षाको भविष्यबारे बहस गरिएको छ ।


यस नीति बहसपत्रलाई मुख्यतः पाँच खण्डमा व्यवस्थित गरिएको छ : १) बदलिँदो जीविकोपार्जन परिवेश २) खाद्यसुरक्षाको वर्तमान अवस्था ३) विकासका प्राथमिकतामा खाद्य सुरक्षा ४) खाद्यसुरक्षामा कोभिड-१९ को प्रभाव ५) निष्कर्ष तथा सुझाबहरू

## १) बदलिँदो जीविकोपार्जन परिवेश

नेपालमा विशेष गरी २०४६ पश्चात् व्यापक सामाजिक, आर्थिक र वातावरणीय परिवर्तनहरू भइरहेका छन् । जनसङ्ख्या वृद्धि, विश्वव्यापीकरण, विश्वबजारसँगको निकटता, सहरीकरण र भौतिक पूर्वाधार विकासका कारण समाजमा द्रुत परिवर्तनहरू भइरहेका छन् । बढ्दो बसाइँसराइँ र वैदेशिक रोजगारीले निर्वाहमुखी कृषिमा आधारित जीविकोपार्जनको स्वरूप फेरिएको छ । हुनेखाने वर्ग जोसँग जमिन छ उनीहरुले खेतीपाती छाड्ने र जमिन नहुनेहरू ज्याला, मजदुरी तथा वैदेशिक रोजगारमा जाने गरेका छन् । यसले गाउँघरका जग्गा बाँझो रहने र तराई तथा सहरबजारका जग्गा घडेरीमा परिणत हुने क्रम तीव्र गतिले बढेको छ । यसबाहेक जलवायु परिवर्तनको नकारात्मक असरले पनि कृषिमा थप सङ्कट पैदा गरेको छ । यसरी कृषि क्षेत्र खुम्चिँदै जाँदा खाद्य असुरक्षा बढ्दै गएको छ ।

हाल नेपालको कृषिमा संलग्न जनसङ्ख्या ६०.४ प्रतिशतमा र अर्थतन्त्रमा यसको योगदान करिब २५ प्रतिशतमा खुम्चिएको छ । विप्रेषण बढेर करिब २५ प्रतिशत पुगेको छ र पछिल्लो दशकमा कृषि उत्पादन ३.२ प्रतिशतले बढे तापनि जनसङ्ख्या र उपभोगमा भएको वृद्धिका कारण कृषि उपजको आयात २ खर्ब नाघेको छ । यसबाट विप्रेषण बढेर गरिबी घट्दै गएको भए पनि अर्थतन्त्रमा कृषिको योगदान खुम्चिएको र आयात बढेर परनिर्भता बढ्दै गएको प्रष्ट हुन्छ ।

प्रस्तुत अध्ययनमा पनि कृषिबाट आम्दानी लिने घरधुरी ३९.२ प्रतिशत रहेको पाइयो भने विप्रेषण प्राप्त गर्ने घरधुरीहरू ४४.६ प्रतिशत रहेको पाइयो (हेर्नुहोस् चित्र नं. १) । यसबाट कृषि र यसको व्यावसायीकरणभन्दा वैदेशिक रोजगारीप्रति मानिसको बढी आकर्षण रहेको देखिन्छ । यसले खाद्यसुरक्षामा प्रत्यक्ष असर पुर्‍याएको छ ।





**चित्र नं १: कृषिबाट आम्दानी र विप्रेषणको अवस्था**

## २) खाद्यसुरक्षाको वर्तमान अवस्था

विकासशील राष्ट्रका लागि खाद्यसुरक्षा एउटा मुख्य समस्याका रूपमा रहेको छ । माथि उल्लिखित तथ्याङ्कले पनि नेपाल खाद्यसुरक्षामा कमजोर रहेको देखाएको छ । भौगोलिक विकटता, विकासका पूर्वाधारहरूको कमी, स्रोतको असमान वितरण आदि कारणले गर्दा कर्णाली र सुदूरपश्चिममा सदियौँदेखि गहिरो खाद्यसङ्कट रहेको छ ।

पछिल्लो दशकमा नेपालको अर्थतन्त्रको निर्भरता विप्रेषणमा बढेको छ, सँगसँगै कृषिउपजको आयात पनि धेरै बढेको छ । यसरी एकातिर खानाका लागि आफ्नो देशमा अपुग भई अन्य देश (भारत) मा निर्भर हुनुपरेको छ भने अर्कातिर खाद्यान्न किन्नका लागि पैसा कमाउन पनि अन्तर्राष्ट्रिय श्रमबजारमा निर्भर हुनुपरेको छ । यसले हामीलाई दोहोरो जोखिममा पारेको छ । कुनै विपत्ति आएर अन्तर्राष्ट्रिय बजार तलमाथि भएमा हामी दुवैतर्फबाट एकैचोटि मारमा पर्छौं । कोभिड-१९ का कारण हामीले व्यहोर्नुपरेको हालको अवस्था यसको ज्वलन्त उदाहरण हो ।


प्रस्तुत अध्ययनले करिब ४५ प्रतिशत घरधुरीहरूले विप्रेषण प्राप्त गर्ने गरेको देखाए पनि कुल सहभागीमध्ये एक तिहाइ घरधुरीहरू खाद्य असुरक्षित भएको पाएको छ । यद्यपि खाद्य असुरक्षाले सबै समूहहरूलाई उत्तिकै असर पुर्‍याएको देखिँदैन । उदाहरणका लागि सहभागी दलितहरूमध्ये ४७ प्रतिशतले खाद्य असुरक्षा महसुस गरे भने गैरदलितमध्ये लगभग २० प्रतिशतले मात्र खाद्य असुरक्षा महसुस गरे (हेर्नुहोस् चित्र नं. २) । दलित बढी जोखिममा पर्नुको मुख्य कारण उत्पादनशील भूमिमा पहुँच नहुनु र सामाजिक भेदभाव रहेका छन् । अध्ययन क्षेत्रमा दलितको सरदर जग्गा ०.२२ हेक्टर रहेको र गैरदलितको ०.५६ हेक्टर रहेकाले पनि उक्त कुरा स्पष्ट हुन्छ ।




**चित्र नं २: खाद्य सुरक्षाको चिन्ता (जातिगत)**

त्यसैगरी विप्रेषण प्राप्त गर्नेमध्ये ४१ प्रतिशतले खाद्य असुरक्षा महसुस गरे भने विप्रेषण प्राप्त नगर्नेमध्ये २० प्रतिशतले मात्र

खाद्य असुरक्षा महसुस गरे (हेर्नुहोस् चित्र नं. ३)। प्रायः गरिब तथा भूमिहीनहरू अस्थायी बसोबासका रूपमा मजदुरी गर्न सहरबजार, भारत तथा वैदेशिक रोजगारमा जाने गरेका र त्यस्तो रोजगारी अस्थायी हुने भएकोले यो स्वाभाविक मान्न सकिन्छ जुन कोभिड महामारीको अवस्थामा सत्य साबित भएको छ।




**चित्र नं ३: खाद्य सुरक्षाको चिन्ता (विप्रेषणको आधारमा)**

यस अध्ययनमा जीविकोपार्जनका स्रोतहरूमा असमान पहुँच, सामाजिक भेदभाव, कमजोर सामाजिक सुरक्षा सञ्जाल, रोजगार र बजारको अनिश्चितताका कारण गरिब, दलित, भूमिहीन, महिला घरमूली भएका र विप्रेषणमा निर्भर घरधुरीहरू बढी जोखिममा रहेको पाइएको छ। यो नतिजा विश्व खाद्य कार्यक्रमले बन्दाबन्दीको दौरान गरेको एक अध्ययनको नतिजासँग मिल्दो रहेको छ।

प्रस्तुत अध्ययनमा तुलनात्मक रूपमा बढी पहुँच र सुविधा भएको स्याङ्जाका उत्तरदाताहरू समेतले खाद्य असुरक्षा महसुस गरेको देखिएको छ। यसबाट तत्कालीन उत्पादन र उपलब्धता भन्दा यसको दीर्घकालीन सुनिश्चितता हुनुपर्ने सन्देश दिएको छ। कृषि पेसामा संलग्नहरू घट्दै गएको, विप्रेषण र आयातमा निर्भर रहेको कुराले यो सान्दर्भिक मान्न सकिन्छ। यसबाट नेपाल खाद्यसुरक्षाको दृष्टिकोणले संवेदनशील रहेको देखाउँछ।

## ३) विकासका प्राथमिकतामा खाद्यसुरक्षा

नेपालमा योजनाबद्ध विकासको सुरुवात भएको सात दशक भइसकेको छ। वर्तमान संविधानले पनि हरेक नेपालीको खाद्यसुरक्षाको प्रत्याभुति गरेको छ तर प्रायःजसो नीति तथा कार्यक्रमहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा निर्धारण हुने गरेका छन्। यसमा स्थानीय बासिन्दाका सरोकारभन्दा सरकार तथा दातृ निकायका प्राथमिकताहरू हाबी हुने गरेका छन्। सरकार र अन्य विकास साझेदारका प्राथमिकता प्रायः पूर्वाधार विकास, कृषि आधुनिकीकरण र जलवायु अनुकूलनका कार्यक्रममा रहेका छन्। खाद्यसुरक्षा सम्बन्धी विकास कार्यक्रमहरू मूलतः जमिनमा आधारित हुने गर्छन्। यसर्थ, यस्ता नीति तथा कार्यक्रमले बदलिँदो परिवेशले ल्याएको परिवर्तन र विद्यमान सामाजिक असमानताले गर्दा स्थानीय समुदायको जीविकोपार्जनमा पर्ने फरक प्रभावहरू मनन गरेका हुँदैनन्। यसले समताका नाममा समान वितरण प्रणालीलाई प्रश्रय दिइरहेको छ।

उदाहरणका लागि अध्ययन क्षेत्रका गरिब, दलित, भूमिहीन उत्तरदाताहरूले सडक निर्माण र कृषि आधुनिकीकरण कार्यक्रमबाट फाइदा हुनाको साटो बेफाइदा भएको बताएका छन्। सडक निर्माणले थोरै जग्गा हुनेको खेतबारी पनि मासेको, भारी बोक्ने रोजगारी पनि गुमेको, उत्पादन नहुँदा बिक्री गर्ने वस्तु नभएको तर सबै चिज किनेर खानुपर्ने बाध्यताले खर्च पनि बढाएको र कृषि अनुदान आफ्ना लागि काम नलागेको कुरा उनीहरूले बताए। वर्तमान कार्यक्रमहरूबाट केवल भूमिमा पहुँच हुनेहरूले मात्र फाइदा पाएका र भूमिहीनहरू बहिष्करणमा परेको पाइयो। यसले गरिब तथा सीमान्तकृत समूहहरूको खाद्यसुरक्षा झनै जोखिममा परेको देखाउँछ।

## ४) खाद्यसुरक्षामा कोभिड-१९ को प्रभाव

सारा विश्व नै कोभिड-१९ का कारण लामो बन्दाबन्दीमा परेकाले आर्थिक मन्दी र खाद्यान्न उत्पादन तथा वितरणको शृङ्खला नै प्रभावित भएको छ। बेरोजगारी र आम्दानी गुम्ने दरमा तीव्र वृद्धि भइरहेको छ। महामारीले विश्वमै गरिबी, भोकमरी र बेरोजगारी बढिरहेको बेला नेपाल जस्तो परनिर्भर अर्थतन्त्रका लागि झनै ठुलो चुनौती देखा परेको छ। हालै विश्व बैंकले विश्वको अर्थतन्त्र ५.२ प्रतिशतले ऋणात्मक जाने र विप्रेषणमा २० प्रतिशत गिरावट आउने प्रक्षेपण गरेको छ भने नेपाल राष्ट्र बैंकले देशको अर्थतन्त्र २.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ। महामारीको असरका कारण हाल करिब ८ देखि १० लाख कामदारहरू भारतलगायत अन्य देशबाट फर्केका छन् भने त्यत्ति नै सङ्ख्यामा मानिसहरू अझै फर्कने अनुमान गरिएको छ। नेपाल यसबाट धेरै प्रभावित भएको छ किनकि हामी कुल ग्राहस्थ उत्पादनका अनुपातमा विप्रेषण भित्र्याउनेमा विश्वमै पाँचौं र दक्षिण एसियामै पहिलो मुलुकमा पर्दछौं। एकातिर देशमा पर्याप्त खाद्यान्न भण्डारण छैन भने अर्कोतिर किनेर खान सक्ने अवस्था पनि सङ्कटमा परेको छ। यसले खाद्य असुरक्षा थप बढाएको छ।

जलवायु परिवर्तनको चपेटामा रहेको खाद्यसुरक्षालाई मौजुदा महामारीको समस्याले झनै पेचिलो बनाएको छ। बन्दाबन्दीकै बीचमा विश्व खाद्य कार्यक्रमले गरेको एक सर्वेक्षणमा नेपालमा ४० प्रतिशतको रोजगार तथा आम्दानी

घटेको र खाद्य असुरक्षा ८ प्रतिशतले बढेको देखिएको छ। खाद्यसुरक्षाका हिसाबले कर्णाली, सुदूरपश्चिम र प्रदेश २ अन्य प्रदेशहरूभन्दा जोखिममा रहेको पाइएको छ। यसैमाथि विश्वमा सलह र अमेरिकन फौजी किराको प्रकोप देखिएको छ जसको असर नेपालमा पनि परेको छ। यसले गर्दा खाद्य उत्पादन र आपूर्ति प्रभावित हुने जोखिम बढेको छ। यी समस्याका साथै कृषकले बेलैमा बिउ तथा मल पाउन धेरै समस्या बेहोर्नु परिरहेको अर्को समस्या पनि छँदैछ। अहिले व्यावसायिक खेती गर्नेहरू प्रभावित भएका छन् र उनीहरूलाई वित्तीय समस्याले पछिसम्म असर गर्नेछ। खाद्य र आयमा हाम्रो परनिर्भरता बढ्दै जाँदा कोभिड-१९ जस्ता महामारी, नाकाबन्दी, अन्तर्राष्ट्रिय श्रम तथा खाद्यबजारमा हलचल र अन्य प्राकृतिक विपत्ति भएको खण्डमा नेपालको खाद्यसुरक्षा झनै जोखिममा पर्ने निश्चित भएको छ। कोभिड-१९ का कारण यसअघि नै जोखिममा रहेका गरिब तथा सीमान्तकृत, वैदेशिक रोजगार र व्यावसायिक खेती गर्ने समूहका मानिसहरूको आम्दानी र खाद्यसुरक्षा झनै जोखिममा परेको छ।

हाल विदेशबाट नेपाल र सहरबाट गाउँ फर्कने युवाहरू बढेका छन् जसले गर्दा श्रमको अभाव हट्ने र बाँझो रहेको जग्गा खनजोत भई खेती हुने सम्भावना बढेको छ। अब कृषिमा आत्मनिर्भर बन्नुपर्ने मनोविज्ञानको विकास हुन थालेको छ। जनताको श्रम र उत्प्रेरणाको यस पूँजीलाई तिनै तहका सरकारले प्राथमिकतामा पारी उपयुक्त नीति तथा कार्यक्रम ल्याउन सके समस्यालाई अवसरमा परिणत गर्न सकिन्छ। हालै मात्र विभिन्न तहका सरकारले कृषि उत्पादनको समर्थन मूल्य तोक्ने र उत्पादनमा आधारित अनुदान दिने जस्ता कार्यक्रमहरू ल्याई यसको सुरुवात पनि गरिसकेका छन्। यसले कृषि उत्पादन र खाद्यसुरक्षामा सकारात्मक प्रभाव पार्ने विश्वास गर्न सकिन्छ।

## ५) निष्कर्ष तथा सुझावहरू

बदलिँदो परिवेशले गर्दा जीविकोपार्जनको स्वरूपमा भइरहेको परिवर्तनले खाद्यसुरक्षामा पनि प्रभाव पारेको छ। संरचनागत समस्या, सामाजिक भेदभाव, स्रोतमाथिको असमान पहुँच र भौतिक अवस्थाका कारण गरिब तथा सीमान्तकृत समुदाय खाद्यसुरक्षाका हिसाबले बढी जोखिममा रहेका छन्। कोभिड -१९ महामारीले गर्दा उनीहरू थप जोखिममा परेका छन्। वर्तमान विकासका कार्यक्रमले भूमिहीनहरूको खाद्यसुरक्षालाई सम्बोधन गर्न सकेको छैन।

यस समस्याको प्रभावकारी समाधानका लागि समुदायको सामाजिक तथा आर्थिक अवस्था र सरोकार, बदलिँदो जीविकोपार्जन परिवेश र भौगोलिक विविधता जस्ता विभिन्न आयामहरूलाई केलाएर हेर्न जरुरी छ। यी विविध आयामहरूको समष्टिगत स्वरूप र तिनको अन्तरक्रियाले ल्याउने जटिलतालाई विश्लेषण गरेर खाद्यअसुरक्षित समुदायकै अगुवाइ र प्राथमिकतामा बन्ने स्थानीय परिवेश अनुसारका निर्दिष्ट नीति तथा कार्यक्रमहरूले मात्र खाद्य असुरक्षा हटाउन प्रभावकारी भूमिका खेल्न सक्छ। कोभिड-१९ ले समग्र जीविकोपार्जन तथा खाद्यसुरक्षामा पारेको र भविष्यमा पार्न सक्ने थप प्रभावलाई मध्यनजर गरी कृषिमा आत्मनिर्भरता र खाद्यसुरक्षा सुनिश्चित गर्न थप अध्ययन आवश्यक देखिन्छ।


**अनुसन्धान गर्ने**

eci
UNIVERSITY OF OXFORD

University Offices
Wellington Square
Oxford
OX1 2JD
United Kingdom

**तयार गर्ने**

ForestAction

बागडोल, ललितपुर
सम्पर्क: 977-1-5191062/5190144
ईमेल: fa@forestaction.org
वेभसाइट: www.forestaction.org

**थप जानकारीको लागि:** **Constance McDermott,** ईमेल: constance.mcdermott@ouce.ox.ac.uk



Note: This policy brief is based on the research conducted by the University of Oxford with the financial support from Rockefeller Foundation. ForestAction is involved in preparation of this policy brief and its dissemination in Nepal.

नोटः यो नीतिगत बहस शृङ्खला अक्सफोर्ड विश्वविद्यालयले गरेको अनुसन्धानका आधारमा तयार गरीएको हो र यसमा रकफेलर फाउन्डेसनको आर्थिक सहयोग छ। फरेष्टएक्सन नेपाल यो नीतिगत बहस शृखला तयार गर्न र यसको प्रसारण गर्नमा संलग्न भएको हो।